## बर्दिवास नगरपालिका नगर कार्यपालिकाको मिति २०७४ भाद्र ७ र ८ का निर्णय सहितको प्रतिबद्धता

बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिवास, महोत्तरी
प्रदेश नं.२, नेपाल
२०७३

**निर्णय नं.**

१. स्थानीय जनताको चाहना, आकांक्षा र आवश्यकतानुसार संविधानको लक्षित उद्देश्य पूरा हुने गरी यस नगरपालिका क्षेत्र भित्रको समग्र विकासको निम्ति आवश्यक गुरुयोजना बनाई त्यसलाई प्रभावकारी रुपमा लागु गर्ने ।

२. नगरपालिकाले बार्षिक बजेट र योजना बनाउदा नगर बासिको आवश्यकतालाई बढी जोड दिई उत्पादन मूलक र रोजगारमूलक कार्यमा बजेट बढी विनियोजन गरी त्यस क्षेत्रमा लगानी गर्ने, नागरिकको आर्थिक, सामाजिक जस्ता आधारभुत हकलाई कार्यान्वयन गर्ने ।

३. नगर क्षेत्र भित्र पर्यटन क्षेत्रको विकासको निम्ति आवश्यक पूर्वाधार निर्माण गरी पर्यटन प्रबर्धन गर्ने।

४. नगरपालिका भित्रका ताल तलैया, पोखरी र धार्मिक एवम ऐतिहासिक स्थलहरुको संरक्षण, सम्वर्द्धन गर्ने ।

५. प्रत्येक वडामा पार्क निर्माण, वृक्षरोपण, फोहोरको उचित व्यवस्थापन, वातावरण मैत्री हरियाली वातावरण खेलकुदका निम्ति मनोरञ्जन स्थलहरु निर्माण गर्ने र वालमैत्री वातावरण तयार गर्ने जस्ता कार्यहरु गर्ने ।

६. सबै वडाहरुलाई जोड्ने गरी सडक सञ्जाल निर्माण गरी जनतालाई सहज रुपमा यातायात सुविधाको व्यवस्था गर्ने ।

७. सवैको निम्ति स्वच्छ, यथेष्ट र नियमित खानेपानीको व्यवस्था गर्नुका साथै सिंचाईको उचित प्रबन्ध गर्ने ।

८. उन्नत कृषि र आधुनिक तवरले पशुपालनको विकास गर्ने ।

९. हाट बजारलाई व्यवस्थित गर्ने र मेलाहरुको उचित व्यवस्थाप गर्ने ।

१०. नागरिकहरुमा कर्तव्य वोध गराउन नागरिक शिक्षा विद्यालयस्तरमा लागु गर्ने ।

११. प्रत्येक वडाले आफ्नो क्षेत्रभित्र सार्वजनिक, सरकारी, सामुदायिक सम्पत्तिको लगत दुरुस्त राखी त्यसको संरक्षण सम्बर्दन गर्ने र नगर कार्यपालिकाले व्यवस्थित रुपमा त्यसको संरक्षण र प्रवर्द्धन गर्ने ।

१२. नगरपालिकाले आफ्नो काम कारवाही लोकतान्त्रिक विधि र कानूनी शासनको सिद्धान्त बमोजिम गर्ने ।

१३. नगरपालिका र त्यस अन्तर्गतका इकाईहरुले अधिकारको दुरुपयोग नगरी आर्थिक अनुसासन कायम गर्ने ।

...विराज उप्रेती
...अधिकृत

१४. नगरपालिकामा सुशानको प्रवर्द्धन गर्न सोही अनुरुप पारदर्शी र जवाफदेही प्रणाली अपनाई भ्रष्टाचार र अनियमितताको रोकाथाम र नियन्त्रण गरी सुशासन प्रणाली कायम गर्ने, सुशासन कायम गर्न आन्तरिक अनुगमन प्रणाली प्रभावकारी बनाउने ।

१५. नगरपालिकाले सेवाग्राही प्रतिको व्यवहारमा समानता, समन्याय, सदभाव र एकताको सम्बन्ध विकास गर्ने ।

१६. न्यायिक समितिले बढी भन्दा बढी मेलमिलापको प्रक्रियाद्धारा विवादहरु समाधान गर्ने ।

१७. नगरपालिकाले सामाजिक सुरक्षा र सामाजिक न्यायका सिद्धान्तहरुलाई व्यवहारमा लागु गरी जनताका पक्षमा हितकारी कार्य गरी सुविधा प्रदान गर्ने ।

१८. उपभोक्ताको अधिकारको संरक्षण गर्ने, सामाजिक अपराध र दुर्व्यसनीको रोकथाम र नियन्त्रण गर्ने ।

१९. नगरपालिका सदस्यहरुलाई कार्य जिम्मेवारी तोक्ने र ३-३ महिनामा प्रगति बिवरण पेश गर्ने व्यवस्था गर्ने ।

२०. वडा सचिवहरुले वडाको विवरण ६ महिना भित्र अध्यावधिक गरी राख्ने ।

२१. जनप्रतिनिधि र कर्मचारीबीच कार्य सम्झौता करार गरी कार्य सम्पादनलाई प्रभावकारी बनाउने ।

२२. नगरपालिका भित्र योजना सञ्चालन गर्दा वातावरणमा प्रतिकुल असर नपर्ने सुनिश्चितता गरी गर्ने ।

२३. स्थानीय सरकार सञ्चालन ऐन वमोजिम आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धि भएका व्यवस्था ऐन कानून निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

कविराज उप्रेती
प्रमुख प्रशासकीय अधिकृत